११३४।६८४६

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## आदेश

मु.नं. १२५/२०७१/०७२

निर्णय नं. ७४६

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ........................................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख (सचिव), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवार, काठमाडौं ..................१ विपक्षी

सूचना अधिकारी, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवार, काठमाडौं ...........................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराउँदा नि:शुल्क पाउनुपर्ने सूचनाको रकम फिर्ता गरेकोले लगत कट्टा गर्नु ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स. ५ स्थायी घर भइ हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवार, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।२५ मा पुनरावेदन गरेको । यस सम्बन्धमा आयोगको मिति २०७२।०९।०१ को आदेश बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवार, काठमाडौंलाई मिति २०७२।०९।०२ च.नं. ६८६ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवार, काठमाडौंको मिति २०७१।१०।०६, च.नं. ९९२ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरेको । तत् पश्चात पुनरावेदकले मिति २०७१।१०।२५ मा सूचनाको हकसम्बन्धी ऐन बमोजिम नि:शुल्क पाउनुपर्ने दश पृष्ठको रु.५०।- पनि असुल गरिएको रकम फिर्ता गराई पाऊँ भनी उजुरी गरेको । आयोगको मिति २०७१।११।२८ को पत्रबाट नि:शुल्क पाउनुपर्ने दश पृष्ठ सूचनाको रकम फिर्ता गराइ आयोगलाई जानकारी गर्नु भन्ने पत्राचार भएको । मिति २०७२।१२।०४ मा उजुरीकर्ताले नि:शुल्क पाउनुपर्ने दश पृष्ठको रकम फिर्ता पाएको व्यहोरा यस आयोगलाई जानकारी गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनु ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्बवत् २०७२ चैत्र १८ गते रोज ५ शुभम्